# भगवतीमाई गाउँपालिका

## गाउँ कार्यपालिका बैठकबाट भएका निर्णयहरु सार्वजनिक।

**मिति २०८१/०३/०७ गतेको गाउँ कार्यपालिकाको १८ औं बैठकमा पेश भएका प्रस्तावहरुः**

| क्र.सं. | प्रस्ताव | कैफियत |
|---|---|---|
| १. | गाउँपालिकाको वस्तुस्थित विवरण (प्रोफाइल), २०८१स्वीकृत सम्बन्धमा । | |
| २. | दोस्रो आवधिक योजना (२०८१/०८२-२०८५/०८५) स्वीकृत सम्बन्धमा । | |
| ३. | रोजगार रणनीति, २०८१ स्वीकृत सम्बन्धमा । | |
| ४. | गरिबसँग विश्वेश्वर कार्यक्रम सम्बन्धमा । | |
| ५. | व्याकहोलोडर खरिद सम्बन्धमा । | |
| ६. | एम्वुलेन्स खरिद सम्बन्धमा । | |
| ७. | रातामाटा वाइसेरा सडक पहिरो हटाएको खर्च सम्बन्धमा । | |

**मिति २०८१/०३/१३ गतेको गाउँ कार्यपालिकाको १८ औं बैठकबाट भएका निर्णयहरुः**

१. यस भगवतीमाई गाउँपालिकाको वस्तुस्थिति विवरण (प्रोफाइल), २०८१ स्वीकृत गर्ने निर्णय गरियो ।

२. यस भगवतीमाई गाउँपालिकाको दोस्रो आवधिक योजना (२०८१/०८२-२०८५/०८६) स्वीकृत गर्ने र योजना तर्जुमा लागि भएको खर्च कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठान वीरेन्द्रनगर, सुर्खेतसँग शोधभर्ना माग गर्ने निर्णय गरियो ।

३. भगवतीमाई गाउँपालिकाको रोजगार रणनीति, २०८१ स्वीकृत गर्ने निर्णय गरियो ।

४. नेपाल सरकार सशर्त अनुदान कार्यक्रम अन्तर्गत गरिबसँग विश्वेश्वर कार्यक्रमतर्फ विनियोजित रकम मध्ये रु. २,००,०००। देउती बज्यै पशुपालन तथा कृषक समूह भगवतीमाई-७ दैलेखको खातामा बीउपूँजीको रुपमा जम्मा गर्ने निर्णय गरियो ।

५. यस भगवतीमाई गाउँपालिका गाउँ कार्यपालिकाको व्याकहोलोडर पुरानो भई सार्वजनिक मर्मत सुधार तथा निर्माण काम गर्न समस्या भएको र आगामी आर्थिक वर्ष नयाँ व्याकहोलोडर खरिदको लागि गाउँसभामा बजेट विनियोजन समेत भएको हुँदा नयाँ व्याकहोलोडर खरिद प्रक्रिया यथाशिघ्र अगाडी बढाउनको लागि गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो ।

६. यस भगवतीमाई गाउँपालिका गाउँ कार्यपालिकाको एम्वुलेन्स पुरानो भई आकस्मिक उपचारको लागि विरामीलाई सेवा दिन समस्या भएको र आगामी आर्थिक वर्ष नयाँ एम्वुलेन्स खरिदको लागि गाउँसभामा बजेट विनियोजन समेत भएको हुँदा नयाँ एम्वुलेन्स खरिद प्रक्रिया यथाशिघ्र अगाडी बढाउनको लागि गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो ।

७. रातामाटा वाइसेरा सडक पहिरो हटाएको खर्च रु. १०००००। प्रकोप व्यवस्थापन कोषबाट भुक्तानी गर्ने निर्णय गरियो ।

**भिन्न मतको अभिलेख**

| क्र.सं. | सदस्यको नाम | पद | भिन्न मतको संक्षिप्त व्यहोरा | दस्तखत |
|---|---|---|---|---|
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| | | | | |